# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं.: 9066

मितिः २०८२/०९/२०
ने.सं.११४६ पोहेलागा पारु

**विषयः- पद दर्ता तथा सिटरोल दर्ता सम्बन्धमा।**

श्री स्थायी सेवाका कर्मचारी (सबै),
पर्सागढी नगरपालिका, पर्सा।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषाको प.सं. २०८२/०८३, च.नं. ६२१, मिति २०८२/०९/११ को पत्र अनुसार यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको व्यक्तिगत विवरण अद्यावधिक गर्ने प्रयोजनका लागि यस कार्यालय तथा मातहतका वडा कार्यालय, स्वास्थ्य संस्थामा स्थायी (साबिक संघ र स्थानीय निकायबाट समायोजन भएका समेत) कर्मचारीहरू प्रत्येकको छुट्टाछुट्टै व्यक्तिगत फाइल तयार गरी पठाउनुपर्ने भएको हुँदा तपसिल बमोजिमका कागजातहरूसहितको फाइल २०८२ साल पौष मसान्तसम्म यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबै कर्मचारीमा जानकारी गराइन्छ।

तपसिलः

१. वैयक्तिक विवरण फाराम (सिटरोल) को प्रतिलिपि -१ थान
२. सुरुको स्थायी नियुक्ति देखि हालसम्मको सम्पूर्ण कागजातहरूको प्रतिलिपि -१/१ प्रति
३. समायोजन ऐन अनुसार समायोजन भएको पत्रको प्रतिलिपि -१ प्रति
४. शपथग्रहण प्रमाणपत्र र निरोगिता प्रमाणपत्रको प्रतिलिपि -१/१ प्रति
५. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
६. पदसँग सम्बन्धित सबै तहका शैक्षिक योग्यता तथा तालिम सम्बन्धी प्रमाणपत्रहरूको प्रतिलिपि -१/१ प्रति
७. नागरिकता भन्दा फरक स्थायी ठेगाना सिटरोलमा उल्लेख गरेकोमा बसाइँ सराईको प्रमाणपत्र वा महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
८. प्रमाणपत्रहरूमा नाम, थर, ठेगाना र जन्ममिति फरक परेमा सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि -१ प्रति

(....................)
बालाराम खड्का
अधिकृत, आठौं

**वोधार्थः**
श्री सूचना प्रविधि शाखा, पर्सागढी नगरपालिका,पर्सा - कार्यालयको वेवसाईटमा अपलोड गरिदिनुहुन।